




15:46
57%
DDMC को बैठक
Bardia
Santa
क्षितिज
जिल्ला प्रशासन कार्यालय
Ishwor
apfn31btn
You
Kabir
9 others


14:44
44%
DDMC को बैठक
Arjun
जिल्ला प्रशासन कार्यालय
Radhes
Health
Krishna
Bardiya
You
जिल्ला
12 others


Inbox - daobardiya@gmail.com
Google Calendar - Thursday, Ma
Meet - DDMC को बैठक
meet.google.com/jcp-hgnu-mzw?authuser=0
Balkrishna Oli
and 3 more
21
2:54 PM
You
K
Lal Bahadur Shrestha
DDMC को बैठक
Turn on captions
Present now
Bardiya_Daily_Rep....jpg
bardiyamapoflocell....zip
unnamed.jpg
बब.jpeg
185232549_13550....jpg
Show all
EN
2:55 PM
5/13/2021


Inbox (1) - daobardiya@gmail.co
Google Calendar - Thursday, Ma
Meet - DDMC को बैठक
(2) Facebook
meet.google.com/jcp-hgnu-mzw?authuser=0
Health Office
and 1 more
2:19 PM
You
बर्दिया
गुलरिया
Gn
M
B
K
Bal Krishna Oli
K
DDMC को बैठक
Turn on captions
Present now
unnamed.jpg
बब.jpeg
185232549_13550....jpg
FIRE Contingency....docx
Bardiya_DPRP_Draft....rtf
Show all
EN
2:19 PM
5/13/2021

आज मिति २०७८ बैशाख ३० गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा कोभिड-१९ संकटको जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापन सम्वन्धमा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको भर्चुहल माध्यमबाट बैठक बसि निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जिल्ला प्रशासन कार्यालय, बर्दिया — अध्यक्ष

प्रमुख, श्री शंकरप्रसाद चौधरी, जिल्ला समन्वय समिति बर्दिया

नगरप्रमुख, श्री शालिकराम अधिकारी, बाँसगढी नगरपालिका,

नगरप्रमुख, श्री घननारायण श्रेष्ठ, ठाकुरबाबा नगरपालिका

नगरप्रमुख, श्री दुर्गा बहादुर चौधरी, बारबर्दिया नगरपालिका

उपप्रमुख श्री मानबहादुर विष्ट, जिल्ला समन्वय समिति बर्दिया

अध्यक्ष, श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका

उपप्रमुख, श्री मनकला चौधरी, राजापुर नगरपालिका

स.प्र.जि.अ. श्री माधव प्रसाद शर्मा, जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.उ. श्री इश्वर कार्की, जिल्ला प्रहरी कार्यालय बर्दिया

उप.अनु.नि. श्री जयेन्द्रप्रसाद उपाध्याय राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

स.प्र.ना.उ. श्री भिमबहादुर चौधरी,सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा.

सेनानी श्री श्यामु शाही, भैरब प्रसाद गण सुरक्षा गुल्म, बर्दिया

मे.सु. डा. सुभाष पाण्डेय, बर्दिया अस्पताल बर्दिया

ब.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया

प्र.अ. श्री नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.प्र.अ. श्री अर्जुन सुवेदी, बढैयाताल गाउँपालिका

ले.अ. श्री रुप सिंह खत्री, गुलरिया नगरपालिका

कोषाध्यक्ष श्री यमनाथ घिमिरे, नेपाल पत्रकार महासंघ, लुम्बिनी प्रदेश

अध्यक्ष, श्री यादव आचार्य, पत्रकार महासंघ, बर्दिया ।

अध्यक्ष, श्री देवेन्द्रराज पाण्डे, उद्योग वाणिज्य संघ, बर्दिया ।

अध्यक्ष, श्री बालकृष्ण वली, नागरिक समाज, बर्दिया

अध्यक्ष, श्री बिष्णु तिमिल्सिना, गै.स.स.महासंघ, बर्दिया ।

प्रतिनिधि, श्री मनोज भण्डारी, जिल्ला समन्वय समितिको कार्यालय बर्दिया

निर्णयः

१. कोभिड-१९ संक्रमणको जोखिम नियन्त्रण रोकथाम तथा उपचारका सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा एवम् वर्तमान अवस्थाको बारेमा छलफल भयो ।

२. मिति २०७८/०१/२० गतेदेखि मिति २०७८/०१/३१ गतेसम्म जारी भएको निषेधाज्ञालाई मिति २०७८/०२/१० गतेसम्म निरन्तरता दिन जिल्ला सुरक्षा समिति बर्दियालाई सिफारिस गर्ने ।

३. बर्दिया अस्पतालमा हाल प्रवाह भइरहेको सेवालाई निरन्तरता दिँदै स्तरोन्नती सहित High Dependency Unit (HDU) यथाशीघ्र संचालनमा ल्याउन आवश्यक भौतिक पूर्वाधारको शीघ्र निर्माण, आवश्यक जनशक्ति व्यवस्थापन र औषधीजन्य सामग्री आपूर्तिका लागि सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रबाट समन्वयात्मक रुपमा थप तदारुकता दिने ।

४. बढ्दो कोभिड-१९ को लक्षणसंग मिल्दाजुल्दा विरामीहरुको पहिचान गरी संक्रमण प्रभावकारी रुपमा नियन्त्रण गर्न परीक्षणको दायरा बढाउने । यसका लागि सबै स्थानीय तहहरुले स्वास्थ्य कार्यालय बर्दियासंग समन्वय गरी तत्काल Antigen Test Kit र VTM खरिद गर्ने व्यवस्था मिलाउने ।

५. स्वास्थ्य संस्था भन्दा बाहिर विभिन्न औद्योगिक प्रतिष्ठान, कलकारखाना, असंबद्ध व्यक्तिहरुसंग रहेका खाली तथा भरिएका अक्सिजन सिलिण्डरहरु जिल्लास्थित बर्दिया अक्सिजन बैंक वा स्थानीय तह मार्फत कोभिड बिशेष अस्पतालहरुमा सम्वन्धित सिलिण्डर धनीले उपलब्ध गराउने । त्यसका लागि स्थानीय तह तथा सुरक्षा निकायले आवश्यक सूचना लिई सिलिण्डर संकलन गर्न सहजीकरण गर्ने।

६. ***मेरो लागि अक्सिजनमा मेरो योगदान*** भन्ने नाराका साथ प्रमुख जिल्ला अधिकारीको संरक्षकत्वमा ***बर्दिया अक्सिजन बैंक*** स्थापनाका लागि उल्लेख्य भूमिका खेल्नु भएका निर्माण व्यवसायी, यातायात व्यवसायी, उद्योग वाणिज्य संघ, पत्रकार, नागरिक समाज लगायतको सिर्जनशील कार्यको उच्च प्रशंसा गर्दै यस बैंकको क्षमता बढाउन सरोकारवाला सबैमा अनुरोध गर्ने ।

७. बाँसगढी नगरपालिका वडा नं. ५ को वडा कार्यालय नजिकका घर तथा बस्तीहरुमा असर पारेका लिप्टिस जातका रुखहरु हटाउन स्थानीय बासीबाट प्राप्त निवेदन र बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.नं. २२४८ मिति २०७८/०१/२९ को रुख कटान सम्वन्धी प्राप्त पत्रबाट अनुरोध भए अनुसार उक्त रुखहरु हटाउनका लागि सहजीकरण गर्न डिभिजन वन कार्यालय बर्दियालाई अनुरोध गर्ने ।

८. यस अघि भएका निर्णयहरुलाई थप प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबैमा अनुरोध गर्ने।

२०७८/१/३०